# स्थानीय तह निर्वाचन (चौथो संशोधन) नियमावली, २०७४

**निर्वाचन आयोगबाट स्वीकृत मिति : २०७४।०७..**

स्थानीय तह निर्वाचन नियमावली, २०७३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ७० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "स्थानीय तह निर्वाचन (चौथो संशोधन) नियमावली, २०७४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम २९ मा संशोधन : स्थानीय तह निर्वाचन नियमावली, २०७३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २९ को,-

(१) उपनियम (२क) पछि देहायको उपनियम (२ख) थपिएको छ :-

"(२ख) उपनियम (२) र (२क) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले गराउने कुनै निर्वाचनको प्रयोजनको लागि मुख्य निर्वाचन अधिकृतको रुपमा नियुक्त भएको जिल्ला न्यायाधीशलाई आयोगले न्याय परिषद्को परामर्शमा सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिको निर्वाचनको लागि समेत मुख्य निर्वाचन अधिकृतको रुपमा काम गर्ने गरी तोक्न सक्नेछ ।"

(२) उपनियम (३) मा रहेका "उपनियम (१) वा (२)" भन्ने शब्दहरुको सट्टा "उपनियम (१), (२), (२क) वा (२ख)" भन्ने शब्दहरु राखिएका छन् ।

३. मूल नियमावलीको नियम ३० मा संशोधन : मूल नियमावलीको नियम ३० को,-

(१) उपनियम (१) मा रहेका "उपनियम (१) र (२)" भन्ने शब्दहरुको सट्टा "उपनियम (१), (२), (२क) वा (२ख)" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (३) मा रहेका "उपनियम (२)" भन्ने शब्दहरुको सट्टा "उपनियम (२), (२क) वा (२ख)" भन्ने शब्दहरु राखिएका छन् ।